जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १४० ❑ २०८३ जेठ १२ गते मंगलबार ❑ Tuesday, 26 May 2026 ❑ मूल्य ७ /-



## संसदमा सरकारको खुट्टा तानातान किन

✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आवश्यकता**

**पूर्वसन्देश दैनिक**का लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला। उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता।

**पार्ट टाइमको अवसर**

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ। पारिश्रमिक काम र क्षमताका आधारमा समझदारीमा निर्धारण गरिनेछ।

**सम्पर्कका लागि**
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००

### एमालेभित्र परिवर्तन पक्षधरको बढ्दो प्रभाव

# ओली नेतृत्व संकटमा

✍ खगेन्द्र कार्की

दमक । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पार्टी नेतृत्वमा आएको १२ वर्षपछि पहिलोपटक सचिवालय बैठकमा अल्पमतमा परेका छन् । जेठ ४ देखि १० गतेसम्म चलेको सचिवालय बैठकमा पार्टी पुनर्गठन र नेतृत्व परिवर्तनको विषयमा अधिकांश पदाधिकारी खुलेपछि ओली रक्षात्मक बन्न पुगेका हुन्। २०७१ सालदेखि अध्यक्ष रहेका ओलीले आफ्नै टोलीबाट राजीनामाको माग सामना गरेको यो पहिलो घटना हो ।

जेठ ८ गतेको बैठकमा उपाध्यक्ष विष्णु पौडेलसहित चार उपाध्यक्षले ओलीको नेतृत्व असफल भएको निष्कर्ष निकाल्दै नयाँ नेतृत्वको आवश्यकता औंल्याएपछि एमालेभित्र नयाँ शक्ति-सन्तुलन देखिएको हो । ओलीका निकट मानिएका महासचिव शंकर पोखरेलले समेत प्रत्यक्ष रूपमा राजीनामा शब्द प्रयोग नगरे पनि अब ओलीबाट पार्टी अगाडि बढ्न नसक्ने संकेत दिएका थिए। सचिवालय बैठकमा उपाध्यक्ष रामबहादुर थापा र सचिव महेश बस्नेतबाहेक कसैले ओलीको स्पष्ट बचाउ नगरेको नेताहरु बताउँछन् ।

बैठकमा सबैभन्दा आक्रामक रूपमा प्रस्तुत भएका नेता उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ थिए। उनले नेतृत्व परिवर्तनको आवश्यकता औंल्याउँदै ओलीको कार्यशैलीमाथि प्रश्न उठाएपछि बैठक तनावपूर्ण बनेको थियो । त्यसक्रममा ओलीले आफूलाई नेतृत्व छाड्न कसैले दबाब दिन नसक्ने र सहमति नभए पनि पद नछाड्ने अडान लिएका थिए। सचिवालयका एक सदस्यका अनुसार शुक्रबार र शनिबार ओली निकै आक्रामक देखिए पनि आइतबारसम्म आइपुग्दा उनी नरम बनेका थिए ।

शनिबारको बैठकमा गुरुङले राजीनामाको विषय उठाएपछि ओलीले नेतृत्वविरुद्ध बोल्नेहरूलाई माफी माग्न वा कारबाही सामना बाँकी ४ पेजमा ▸▸



### मदन भण्डारी फाउन्डेसनमा वैचारिक बहस

विराटनगर । नेकपा (एमाले) भित्र अध्यक्ष केपी शर्मा ओलीविरुद्ध असन्तुष्टि बढिरहेका बेला मदन भण्डारी फाउन्डेसनले विराटनगरमा गरेको कार्यक्रममा नेतृत्वको कार्यशैलीबारे खुला आलोचना र वैचारिक बहस भएको छ। कोशी प्रदेश राजधानीमा आयोजित सुशासन, समृद्धि र दिगो विकास विषयक कार्यशालामा सहभागी नेताहरूले ओलीको कार्यशैलीमाथि कडा प्रश्न उठाएका छन् । कार्यक्रममा प्रस्तुत राजनीतिक कार्यपत्रमा एमालेभित्र आन्तरिक लोकतन्त्र कमजोर भएको, निर्णय प्रक्रिया एकलौटी बनेको र नेतृत्व 'हुकुमी शैली'मा चलेको आरोप लगाइएको छ । कार्यपत्रले पार्टीभित्र छलफल र बहसको परम्परा कमजोर भएको, जनवर्गीय संगठनहरूको स्वायत्तता खुम्चिएको तथा नेतृत्व आदेशात्मक बनेको उल्लेख गरेको छ ।

सहभागी नेताहरूले ओली नेतृत्व निरन्तर रह्यो भने एमाले पनि अन्य कम्युनिस्ट पार्टीको जस्तै कमजोर हुन सक्ने बाँकी ४ पेजमा ▸▸

## दमकमा सार्वजनिक जग्गा खाली गर्ने ३५ दिने सूचना "भ्रामक"

दमक । दमक नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण हटाउन ३५ दिने सूचना निकालेको भनी सामाजिक सञ्जालमा फैलिएको समाचारको खण्डन गरेको छ ।

नगरपालिकाले एक विज्ञप्ति जारी गर्दै यस्ता समाचारलाई तथ्यहीन, भ्रामक र कपोलकल्पित भन्दै नगरवासीलाई भ्रममा नपर्न आग्रह गरेको हो । नगर प्रमुख राम कुमार थापाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'विगत केही दिनदेखि सामाजिक सञ्जालहरूमा नगरपालिकाले ३५ दिने सूचना निकालेको भनी फैलाइएको अफवाहप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।'

जिल्ला प्रशासन कार्यालय, झापाले विभिन्न मितिमा सरकारी र सार्वजनिक जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र अतिक्रमण हटाउन नगरपालिकालाई पत्र पठाएको थियो । सोही पत्रका सम्बन्धमा छलफल गर्न गत २०८३ वैशाख २५ गते नगर कार्यपालिकाको बैठक बसेको थियो । उक्त बैठकले गरेका निर्णयहरूका बारेमा नगरपालिकाले २०८३ वैशाख ३१ गते नै प्रेस विज्ञप्ति मार्फत स्पष्ट पारिसकेको जनाएको छ ।

कार्यपालिकाको बैठकले जग्गा खाली गराउने भन्दा पनि पहिले त्यसको व्यवस्थापनका लागि नीतिगत र कानुनी आधार तयार गर्नुपर्ने निर्णय गरेको छ । दमक नगरपालिका क्षेत्रभित्र ठुलो संख्यामा अव्यस्थित बसोबासी, भूमिहीन दलित र एकल महिलाहरु रहेका छन् । उनीहरूलाई सिधै हटाउनु भन्दा पहिले स्पष्ट नीति, कानुन, मापदण्ड र कार्ययोजना तयार पार्नुपर्ने नगरपालिकाले जनाएको छ ।

नगरप्रमुख थापाले तीनै तहका सरकारको समन्वयमा आवश्यक व्यवस्थापन गर्न र बजेटको सुनिश्चितता गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय यसअघि नै भइसकेको जनाएका छन् ।

नगरपालिकाले वैशाख २५ गतेको सोही निर्णय कार्यान्वयनका लागि आफूहरु अडिग रहेको र हाललाई कुनै पनि प्रकारको ३५ दिने सूचना जारी नगरिएको प्रष्ट पारेको छ । दमक नगरपालिका प्रधानमन्त्री बालेन्द्र शाहले निर्वाचन जितेको झापाको क्षेत्र नम्बर ५ मा पर्छ ।

## संक्षेप

### सभामुख-उपराष्ट्रपति भेट

दमक/ सभामुख डीपी अर्यालले उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग शिष्टाचार भेटवार्ता गरेका छन् । सभामुखले लैनचौरस्थित उपराष्ट्रपति निवास पुगेर उपराष्ट्रपति यादवसँग भेट गरेका हुन् । भेटमा समसामयिक राजनीतिक विषय, संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण तथा संसद्को प्रभावकारी सञ्चालनलगायत विषयमा छलफल भएको सभामुख सचिवालयले जनाएको छ ।

### शर्मा नियुक्ति बहस औचित्यहिन

दमक । सर्वोच्च अदालतले डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने संवैधानिक परिषद्को निर्णयविरूद्ध परेको रिट निवेदनलाई औचित्यहीन ठहर गरेको छ। दर पीठविरूद्ध परेको निवेदनमा सुनुवाइ गर्दै न्यायाधीश मेघराज पोखरेलको इजलासले सर्वोच्च प्रशासनको दरपीठलाई नै स्वाभाविक भनेको हो। नियुक्ति प्रक्रिया अघि बढिसकेकाले रिटको औचित्य नरहेको भन्दै दरपीठ आदेश बदर गर्नुपर्ने अवस्था नदेखिएको अदालतको निष्कर्ष छ।

### देउवा दम्पत्तिलाई पक्राउ नगर्न सर्वोच्चको आदेश

दमक । सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नीलाई पक्राउ नगर्न अन्तरिम आदेश दिंदै क्षेत्राधिकारसम्बन्धी प्रश्न उठाएको छ। न्यायाधीश द्वय महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेको इजलासले अनुसन्धान प्रक्रियामा कानुनी विधि पालना नभएको ठहर गरेको हो ।

काठमाडौँ जिल्ला अदालतको पक्राउ अनुमतिमा पनि त्रुटि देखिएको सर्वोच्चको निष्कर्ष छ । साथै, सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा अब विशेष अदालतको क्षेत्राधिकारमा पर्ने भएकाले पुरानो अनुमति स्वतः निष्प्रभावी हुने उल्लेख गरिएको छ।

## सदस्यता अद्यावधिकका लागि कांग्रेसले दियो जिम्मेवारी

विराटनगर । गगन कुमार थापाको समुपस्थितिमा बसेको नेपाली कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकले क्रियाशील सदस्यता अद्यावधिक तथा १५औं महाधिवेशनको तयारीलाई तीव्र बनाउने विभिन्न निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालयमा महामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा बसेको बैठकले क्रियाशील सदस्यता अद्यावधिक कार्यलाई सहज र द्रुत बनाउन सातै प्रदेशमा केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यलाई विशेष जिम्मेवारी तोकेको जनाएको छ ।

निर्णयानुसार कोशी प्रदेशमा डा. डिला संग्रौला, वागमतीमा बहादुर सिंह लामा, सुदूरपश्चिममा उदय शमशेर राणा, गण्डकीमा मुक्ताकुमारी यादव, कर्णालीमा जानकी सिंह, मधेशमा देवराज चालिसे र लुम्बिनीमा अमरसिंह पुनलाई जिम्मेवारी दिइएको छ ।

बैठकले १५औं महाधिवेशनका लागि नयाँ क्रियाशील सदस्यता वितरण तथा यसअघि नवीकरण हुन नसकेका सदस्यहरूको सदस्यता नवीकरण गरी केन्द्रीय प्रणालीमा प्रविष्ट गर्ने काम बाँकी ४ पेजमा ▸▸

### नेतृत्वलाई कोइरालाका शर्त



दमक । नेपाल कांग्रेसभित्र पछिल्लो समयमा बल्झिँदै गएको फुटको राजनीति निस्तेज बनाउन नेता शेखर कोइरालाले पाँच सर्त अगाडि सारेका छन् । गत पुस ३० गते गगन थापाले कांग्रेसको नेतृत्व हातमा ल्याएपछि रूष्ट बनेको देउवा पक्ष र शेखर पक्ष गगनलाई गलाउन लागि परेका छन् । बुढा नेताहरू बाटो लाग्ने अवस्थामा पुगेपछि शेखर कोइरालाले गगनसामु ५ शर्त राखेका छन् । आ˜ना शर्त पुरा गरे पार्टी बाँकी ४ पेजमा ▸▸

## सडक भासिँदै गएपछि मेची राजमार्ग उच्च जोखिममा



इलाम । पूर्वी पहाडको जीवनरेखा मानिने मेची राजमार्गअन्तर्गत इलामको माईखोला राजदुवाली(गोलाखर्क भञ्ज्याङ् खण्डमा सडक लगातार भासिन थालेपछि यातायात सेवा र स्थानीय बासिन्दाको सुरक्षा संकटमा परेको छ। करिब ३ किलोमिटर क्षेत्रमा समस्या तीव्र बन्दै गएपछि वर्षायाममा दुर्घटनाको जोखिम बढेको स्थानीयले बताएका छन् ।

स्थानीयका अनुसार सडक धसिने समस्या २०७२ सालको भूकम्पपछि सुरू भएको हो। सुरूमा सामान्य चिरा र साना खाल्डा देखिए पनि अहिले सडक विभिन्न स्थानमा गहिरो गरी भासिन थालेको छ । हिउँदमा सवारी सञ्चालन भए पनि वर्षायाममा अवस्था झन् जोखिमपूर्ण बन्ने गरेको स्थानीय राजेन्द्र चौहानले बताए। उनका अनुसार पहिले यस्तो समस्या नभएको र भूकम्पपछि जमिन कमजोर बन्दै गएको अनुभव गरिएको छ । सडक भासिनुको कारणबारे स्थानीयले पुवाखोला जलविद्युत आयोजनाको सुरूङमाथि प्रश्न उठाएका छन् । ६.२ मेगावाट क्षमताको उक्त आयोजना २०५७ बाँकी ४ पेजमा ▸▸

### न्यायधीसहरुको सम्पत्ति सार्वजनिक गर्न माग



दमक । राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सांसद यज्ञमणि न्यौपानेले न्यायाधीशहरूको सम्पत्ति सार्वजनिक गर्नु पर्ने माग राखेका छन्।

सोमबार बसेको प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा सांसद न्यौपानेले न्यायाधीशहरूको सम्पत्ति विवरण पनि सार्वजनिक हुनु पर्ने माग राखेका हुन् ।

न्यायाधीशका सम्पत्ति गोप्य राखिनेछ भन्ने नियमावलीमा भएकाले पारदर्शिता नभएको उनले बताए ।

लामो समय अधिवक्ता रहेर काम गरेका सांसद न्यौपानेले अविलम्ब बाँकी ४ पेजमा ▸▸

### दुग्ध किसानलाई दैनिक करोड भुक्तानी

दमक । कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले दूग्ध विकास संस्थान (डीडीसी) को सुधारको कार्ययोजना अगाडि सारेसँगै दैनिक १ करोड रकम किसानलाई भुक्तानी भैरहेको छ । पछिल्लो चार महिनाको करिब ५८ करोड रूपैयाँ बक्यौता दायित्वमध्ये हाल १२ करोड रकम भुक्तानी भइसेको छ, भने एक महिनाको रकम आउँदो १३ गते भित्र भुक्तानी गर्ने तयारी छ ।

डीडीसीको हाल दैनिक करिब १ करोड रूपैयाँको कारोबार भैरहेको छ भने सो रकम दैनिक रूपमा किसानलाई भुक्तानी भैरहेको छ । बाँकी रहेको रकम करिब ४६ करोड रूपैयाँ २ महिनामा भुक्तानी हुने गरि कार्य भैरहेको छ । दैनिक कारोबार र भुक्तानी प्रक्रिया नियमित रूपमा अघि बाँकी ४ पेजमा ▸▸

### विकास मन्त्रालयको बजेट कटौती



काठमाडौँ । सरकारले आगामी आर्थिक वर्षका लागि विकास निर्माणसँग सम्बन्धित मन्त्रालयहरूको बजेट घटाउने तयारी गरेको छ । भौतिक पूर्वाधार, ऊर्जा, कृषि, खानेपानी र शहरी विकासजस्ता उत्पादनमूलक मन्त्रालयको बजेट सिलिङ कटौती गरिएको छ भने प्रशासनिक तथा सुरक्षा निकायसँग सम्बन्धित मन्त्रालयहरूको बजेट बढाइने भएको छ ।

मन्त्रालयहरूले संसदीय समितिमा दिएको जानकारीअनुसार अधिकांश विकास मन्त्रालयको बजेट चालु आर्थिक वर्षको तुलनामा घटाइएको छ। भौतिक पूर्वाधार मन्त्रालयको चालु वर्ष १ खर्ब ५१ अर्ब ७४ करोड बजेट रहेकोमा आगामी वर्षका लागि झन्डै २८ अर्ब घटाएर १ खर्ब २३ अर्बको सिलिङ तोकिएको छ । बाँकी ४ पेजमा ▸▸



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने ३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने। ५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने। १५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरु**

☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## वित्तिय क्षमता विकासको आवश्यकता

कोशी प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो १० महिनाको आम्दानी र खर्च विवरणले प्रदेशको वित्तीय व्यवस्थापनमा गम्भीर चुनौती देखाएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको तथ्यांक अनुसार वैशाख मसान्तसम्म प्रदेश सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.८३ प्रतिशतले घटेको छ । यो तथ्यांकले प्रदेश सरकारको खर्च गर्ने क्षमता कमजोर बन्दै गएको संकेत गर्दछ । विकास निर्माणलाई तीव्रता दिने उद्देश्यले ठूलो आकारको बजेट ल्याइए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु चिन्ताको विषय बनेको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि कुल ३६ अर्ब २ करोड २ लाख रूपैयाँ बराबरको बजेट विनियोजन गरेको थियो । यसमध्ये चालुतर्फ १३ अर्ब ६० करोड ७ लाख, पुँजीगततर्फ १७ अर्ब १४ करोड ३० लाख, वित्तीय व्यवस्थातर्फ १० करोड तथा स्थानीय तह अनुदानका लागि ५ अर्ब १७ करोड ६५ लाख रूपैयाँ छुट्याइएको थियो । तर, बजेटको ठूलो हिस्सा अझै खर्च हुन नसक्नुले योजना कार्यान्वयनमा सुस्तता रहेको स्पष्ट देखिन्छ ।

एकातर्फ प्रदेशका विभिन्न योजना तथा आयोजनामा बजेट अपुग हुने गुनासो सुनिन्छ भने अर्कोतर्फ विनियोजित रकमसमेत समयमै खर्च हुन नसक्नु विरोधाभासपूर्ण अवस्था हो । यसले केवल स्रोत साधनको अभाव मात्र नभई सरकारी निकायको कार्यसम्पादन क्षमता कमजोर रहेको देखाउँछ । विशेषगरी पुँजीगत खर्च न्यून हुनु विकास निर्माणको गतिमा प्रत्यक्ष असर पार्ने विषय हो । सडक, पुल, खानेपानी, शिक्षा तथा स्वास्थ्य जस्ता पूर्वाधार निर्माणमा ढिलाइ हुँदा त्यसको असर नागरिकको दैनिक जीवनमा समेत पर्छ ।

खर्च घट्नुका पछाडि योजना छनोटमा कमजोरी, समयमै ठेक्का प्रक्रिया पूरा नहुनु, प्रशासनिक झन्झट, कर्मचारी अभाव, राजनीतिक हस्तक्षेप तथा कमजोर अनुगमन प्रमुख कारणका रुपमा देखिन्छन् । कतिपय अवस्थामा बजेट वर्षको अन्त्यतिर मात्र खर्च गर्ने प्रवृत्तिले पनि प्रभावकारी नतिजा दिन सकेको छैन । विकास बजेट समयमै परिचालन हुन नसक्दा आर्थिक गतिविधि सुस्त हुने र रोजगारी सिर्जनामा समेत असर पर्ने गर्दछ ।

प्रदेश सरकार मात्र होइन, संघीय र स्थानीय तहका सरकारहरुले पनि वित्तीय अनुशासन र खर्च गर्ने क्षमता विकासमा विशेष ध्यान दिन आवश्यक छ । बजेट ल्याउनेभन्दा पनि त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सक्ने क्षमता महत्त्वपूर्ण हुन्छ । योजनाको स्पष्ट प्राथमिकता निर्धारण, पारदर्शी खरिद प्रक्रिया, दक्ष जनशक्ति व्यवस्थापन तथा नियमित अनुगमनमार्फत मात्र बजेट कार्यान्वयन प्रभावकारी बनाउन सकिन्छ ।

समग्रमा हेर्दा, कोशी प्रदेश सरकारको खर्च र आम्दानीमा आएको गिरावटले वित्तीय व्यवस्थापन सुधारको आवश्यकता औंल्याएको छ । विकास निर्माणलाई गति दिन केवल बजेट घोषणा पर्याप्त हुँदैन, त्यसलाई समयमै र प्रभावकारी रुपमा खर्च गर्न सक्ने क्षमता पनि उत्तिकै आवश्यक हुन्छ । त्यसैले अब सरकारहरुले खर्च गर्ने क्षमता अभिवृद्धि, उत्तरदायित्व विकास र सुशासन प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

# संसदमा सरकारको खुट्टा तानातान किन



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

नेपाली राजनीति नयाँ ढङ्गले आफ्नो काँचुली फेर्दैछ। परम्परागत शैलीभन्दा फरक ढंगले नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले संसद भित्र र संसद बाहिर आफूलाई प्रस्तुत गर्दै नेपालको नयाँ जेन्जी सरकारको नेतृत्व गर्दै देशलाई नयाँ उचाइमा पुऱ्याउने ड्रिम भिजन जनतालाई देखाइरहेका छन्। सरकारको शासकीय शैलीमा लोकतान्त्रिकरणको प्रक्रिया अगाडि बढ्दै जाने जनचाहना अनुरुप देशभित्र सुशासन, सहकार्य र समावेशिताको मार्गचित्रमा बालेन्द्र शाहको नवनिर्वाचित सरकारमा भएका क्याबिनेट मिनिस्टरहरू पनि आआफ्नो कार्यशैलीबाट जनतामा नयाँ किसिमको ऊर्जा भर्दै जाने र जनगुनासाहरु बिस्तारै बिस्तारै मत्थर हुँदै जाने र देशमा विकासको रेल दगुर्ने मास्टर प्लानमा अहोरात्र खटिरहेका देखिन्छन् र भेटिन्छन्। संसद भवनभित्र सरकारले पस्किन लागेको आर्थिक कार्यक्रमहरुका ड्राफ्टहरु तयारी अन्तिम चरणमा पुग्दै नपुग्दै आफ्नै दल र आआफ्नै सरकारको कार्यशैलीमाथि विभिन्न किसिमबाट आफ्नै माननीय ज्यूहरुले उठाएका सवालहरुबाट जनताका मनमा अनेकौं किसिमका जिज्ञासाहरू उठिरहेका छन्। सरकारभित्र विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरु आलो काँचो पनि छन्, विषयविज्ञको रुपमा पनि ख्याति कमाइसकेका छन्, संघर्षमा खारिएर बेथिति, विसंगति, बेइमानी र अन्यायतन्त्रका विरूद्ध जुर्मुराउँदै उठ्दै सिंहदरबारको ढोकासम्म पुग्ने अवसर पनि प्राप्त गरेका छन्।

यो अवसरलाई स्वर्ण अवसरमा रुपान्तरण गर्ने दायित्व सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीको स्वविवेक र कार्य क्षमता तथा निर्णय क्षमतामा पनि भर पर्दछ। त्यसकारणले सरकारले हरेक कुरामा आफ्नो दक्षता देखाउनु जरूरी छ। सरकारका मन्त्रीहरुमा कुनै पनि किसिमको दम्भ, अहंकार र प्रतिशोधको भावना देखिनु भएन। सरकारका मन्त्रीहरुले भ्रष्टहरुको संगत गर्नुभएन। भ्रष्टहरुसँग मिलेमतो गर्नुभएन, सरल सुबोध सुगम्य र पारदर्शिता बोध हुनेगरी सरकारले गरेका निर्णयहरू आफै बोल्छन् र जनताले त्यसको प्रतिफल पनि प्राप्त गर्ने नै छन् भन्ने कुरामा अहिलेसम्म दोधारे मनस्थिति नदेखिए पनि सरकारको रवैयामा मनपरि तन्त्रको गन्ध चाहिँ देखिनु भएन। लोकतन्त्रमा अलिकति पनि खोट देखिएपछि जनताको मनमा असाध्यै चोट पर्छ र कागजी निर्णयहरूले मात्र पनि देशलाई सही ढंगले हुइक्याउन सक्दैन। भुई तहमा गरिएका सरकारका निर्णयहरु भुइतहमा देखिनुपर्छ। भुइतहका वञ्चितीकरणमा परेका जातजाति, वर्गहरु क्षेत्रहरु भूगोलहरु तथा पहिचानविहीन नागरिक नेपालैभरि छरिएका छन् उनीहरुको आँखोमा छारो हालेर सरकारले आफू खुसी नौमती र पन्चेबाजा घनकाउँदै केही सीमित व्यक्ति, क्षेत्र वा वर्गको लागि मात्र बजेट विनियोजन गर्दछ भन्ने देश भित्र जनताको मनमा रहेका पुराना सरकारले दिएका घाउहरु अझै बल्झिन सक्छ। नेपालमा नेपाली जनताले वर्षौंदेखि आफ्नै सरकार बनाउनको लागि मतदानमा भाग लिइरहेका छन् र मतदान गरेर सरकार रोज्ने अधिकार हासिल गर्दै आइरहेका छन् तर पनि जनआकांक्षा अनुरुप सरकारले जनतालाई दिएका आश्वासन हरू कुहिरोको काग बन्ने गरेको कुरा कसैको अगाडि लुकेको छैन। सरकारको कार्यशैलीहरु जनता रिझाउने खालको हुनुपर्दछ। जनतामा सुशासन र आत्मनिर्भरताको बोध मात्र पनि सरकारले गराउन सके भने जनताले देशभित्रबाट परनिर्भरतालाई समाप्त पार्ने र स्वशासनको अनुभूति गर्दै सरकारको अगाडि देखापर्ने चुनौतीहरुमा होस्टेमा हैसे गर्दै साथ दिइरहने कुरा प्रति पनि स्वविवेक जागृत हुनुपर्दछ।

टापन टिप्पन कनिका छरेझैँ सरकारले गर्ने बजेट विनियोजनहरु अल्पकालिक रुपमा मुलुकलाई ठूलो नोक्सान गर्छ नै दीर्घकालिक रूपमा पनि देशलाई कंगाल बनाउने प्लेटफर्म हरू त्यहीँबाट तयार हुन्छ। देशका प्रधानमन्त्री जुझारू छन्। युवा छन्। साहसी छन् ।स्वाभिमानी छन् र स्वविवेकी छन्। पुरानो पुस्ताका सडे गलेका असंसदीय अभ्यासहरुमा नयाँपनको आवश्यकता छ, आधुनिककरणको आवश्यकता छ, स्वतन्त्रताको आवश्यकता छ। सांसदहरुमा अझ नयाँ जोश जाँगर र आत्मबोधको साथै उनले गरेका हरेक कामको जिम्मेवारी आफैं लिने पनि उत्तिकै आवश्यक छ। देशका कार्यकर्ताहरु, नेताहरु, मन्त्रीहरूले दुनियामा भइरहेको घटनाक्रमहरु तथा प्रगतिहरुको सम्बन्धमा व्यापक अध्ययन , अवलोकन र अनुसन्धान गर्नुपर्दछ। नेपालमा सर्वप्रथम भारत सरकारको सहयोगमा रू ५ करोड भारू मुद्रा बाट प्रारम्भ भएको पहिलो पञ्चवर्षीय योजना आज पन्ध्रौं पञ्चवर्षीय योजनासम्म आइपुग्दा अर्बौं खर्बौं रूपैयाँको विनियोजन हुने बजेटकोरुपमा रुपान्तरण भइसकेको छ। तर जनताका चाहनाहरु, जन आकांक्षाहरु, आवश्यकताहरु र जनताका मागहरू अझैसम्म पनि समेटिन सकिएको छैन।

जनतासँग जोडिएका मुद्दा र सवालहरुमा जनताका दुःख दर्द र पीडामा चुइक्कसम्म नबोली सरकार उहिले पनि देशमाथि रजाई गरेका थिए र अहिले पनि नगर्लान् भनेर भन्न सकिन्न ।त्यसकारणले जनताले आफ्ना आवाजहरु, विरोधका स्वरहरू ,र जायज मागहरूलाई उठाउन छोड्नुभएन। नेपालका नयाँ अर्थमन्त्रीलाई वर्तमान विश्वमा घट्दै गइरहेको समसामयिक घटना हरुको सम्बन्धमा राम्रो जानकारी हुनुपर्दछ। उहाँको विचार अझ परिष्कृत र पारदर्शी हुनुपर्दछ। मध्यपूर्वमा मचिएको महायुद्धले इरान अमेरिका र इजरायल मात्र क्रुद्ध, आहत र पीडित भइरहेका छैनन् ,खाडी मुलुकहरुमा सल्किएको युद्धको आगोले सल्काएको विनाशले थुप्रै देशहरुमा ऊर्जा संकट बढ्दै गइरहेको छ। खाना पकाउने ग्यास ,डिजल पेट्रोल ,मट्टी तेल लगायतका प्रज्वलनशील इन्धनहरुको अभावले दुनिया छटपटाउन थालेको छ। प्राकृतिक इन्धनको कमीले दुनियाको अर्थतन्त्र धर्मर धर्मर हुन थालेको छ। बिस्तारै बिस्तारै यातायातका साधनहरू ग्यारेजमा थन्किने सम्भावना बढ्दैछ। सरकारको कार्यक्षमता समेत घटना थालेको अनुभूति भइरहेको छ। सरकारले बाध्यात्मक अवस्थामै सरकारी कार्यालयहरुलाई दुई दिन अनिवार्य विदा गराउनु परेको छ। यस्तो अवस्थामा सरकारले बनाउने वार्षिक बजेटहरुमा छुट्याइने रकमहरु अपुग हुन सक्छ तथा योजनाको लागत बढ्न सक्छ। बजारमा वस्तुहरुको छिटोछिटो मूल्य वृद्धि हुन थालेको छ। बिस्तारै बिस्तारै यो मूल्य वृद्धि मन्दीतिर घचेटिदै जाने अवस्था पनि सिर्जना भइरहेको छ। यस्तो अवस्थामा देशको अर्थतन्त्रलाई कसरी उकालो चढाउने हो भन्ने प्रश्न महत्वपूर्ण छ।

सरकारले वर्षौंदेखि थन्किएका देशका मूल आर्थिक मुद्दा हरू समेटिनुपर्दछ। राजनैतिक मुद्दाहरुबाट संविधानलाई सशक्तिकरण गर्ने बाटो खुल्ला गराउनु पर्दछ। देशका जनताका पुस्तौंदेखि थातिरहेका अधिकारहरु जनतालाई सुम्पिनुपर्नेछ। मधेशको जनजीब्रो, लबाई खुबाई, खेतीपाती, पशुपालन, खानेपानी , शौचालय, सिँचाइ व्यवस्था, शिक्षा व्यवस्था, स्वास्थ्य सुविधाहरु, रोजगारी, गरिबी निवारण लगायतका क्षेत्रहरुमा आमूलचूल क्रान्तिको आवश्यकता छ। नातावाद, कृपावाद, जातिवादले गर्दा समाजमा अघोषित रुपमा विद्यामान रहेको जमिन्दारी प्रथा, चरम शोषणवादी पुँजीवादी प्रथा, दलाल तन्त्र, दलतन्त्र र मुढेबल तन्त्रका हैकमहरु अझैसम्म पनि देशभित्र कुनै न कुनै रुपमा सक्रिय रहिरहेकै अवस्था छ। देशका जनताले कानुनी राज्यको अनुभूति आफ्नै सरकारहरुबाट पनि पाउन सकेका छैनन् भने देशका संवैधानिक संस्थाहरुको रक्षा र सम्मान दिलाउनको लागि कुनै किसिमको आडभरोस दिन सकिँदैन। संविधानको सर्वोच्चता लाई सबैले सम्मान गर्नुपर्ने हुन्छ र देशको जनसत्त्या, भौगोलिक क्षेत्रफल, सरकार, र देशको समप्रभुता लाई सम्मान गर्ने र बचाउने शक्ति देशको जनताभित्रै संरक्षित रहेकोले सरकारले झिना मसिना कुराहरुमा नअल्झिएर सर्वसत्तावादको खेती गर्ने र लोकतन्त्रलाई हात्तीको देखाउने दाँत मात्र बनाउने विचार र शक्तिलाई पहिचान गरी त्यसलाई अविलम्ब नियन्त्रण गर्नु पनि जरूरी छ। जनताका आधारभूत आवश्यकताहरु परिपूर्तिमा सरकारले धेरै गनगन गर्नुभएन। सरकारले आफ्नो विश्वसनीयता लाई कदापि पनि गुम्न दिनुभएन। नेपालमा लामो संघर्ष र बलिदानपछि यसपाली संसदमा बहुमत पार्टीको एकमना सरकार स्थापित भएको छ। यो सरकारसँग देशको अर्थतन्त्रलाई सपार्ने चुनौती एकातिर छ भने अर्कोतिर देशका सिमानाहरुलाई पनि सम्हाल्नुपर्ने चुनौती अझ थपिएको छ। नेपालका मित्रराष्ट्रहरुसँग पनि सरकारको सहज सम्बन्धले धेरै कुराहरूमा देशलाई अग्रगमनमा लैजान सहयोग पुर्याउन सक्छ। सरकारले कहीँ कतै पनि नबिराउने नडराउने नीति अंगीकार गर्न सक्यो भने देशले बलियो अर्थतन्त्र पाउन सक्छ र देशलाई आर्थिक रुपले समुन्नत बनाउने परराष्ट्र नीति अँगाल्न सक्दछ। देशको आम्दानी बढ्नुपर्दछ। देशको उत्पादन बढ्नुपर्दछ। देशको जीवनस्तर बढ्नुपर्दछ र जनता आनन्दसँग सुखपूर्वक बाँच्नुपर्दछ, शान्तिपूर्वक जीवनयापन गर्नु पर्दछ र यस्तो वातावरण सरकारले बनाइ दिएर देशलाई विकासको राजमार्गमा अग्रसर गराई दिनुपर्दछ ।

## सामाजिक सञ्जाल

### एमाले सचिवालय बैठकका दुई बुँदा

◆ महेश बस्नेत

नेकपा एमालेको सचिवालय बैठकमा मेरो तर्फ बाट राखिएका २४ बुँदामध्ये दुई बुँदालाई लिएर गलत ढंगले प्रचार गर्न खोजिएकोले स्पष्ट पार्न चाहन्छु।

१) अध्यक्ष केपी शर्मा ओलीलाई बालेन र सुदनले सपथ खाएको २४ घण्टा नबित्दै गिरफ्तार गरियो। कुनै आरोप पुष्टि गर्न नसकेपछि अदालतले १३ दिनपछि रिहा गऱ्यो। स्वभाबिक उहाँ कष्टडीबाट घर फर्किन चाहनुहुन्थ्यो, तर त्यतिबेला डाक्टरको सल्लाह मुताबिक उहाँलाई दुईवटा अपरेशन (पत्थरी र हर्नियाको ) गर्न टिचिङ्ग अस्पताल भर्ना गरियो।

अपरेशन पछि पनि निमोनिया र इन्फेक्सनसँग जुधिरहनुभएको संवेदनशील स्वास्थ्य अवस्थामा हुनुहुन्थ्यो। यस्तो बेला पार्टीले नेतृत्वको रक्षा गर्दै सशक्त प्रतिरोधी आन्दोलन गर्नुपर्ने अवस्थामा अध्यक्ष फेर्ने कुरा उठाउनु गैरजिम्मेवार र अपराधिक मानसिकता हो भन्ने मेरो स्पष्ट धारणा हो।

२) सोही समयमा कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्नुभएका कमरेड रामबहादुर थापा 'बादल'ले व्यक्त गर्नुभएको साम्राज्यवादी शक्ति, अल्गोरिदम मार्फत युवाहरूलाई गलत ढंगले परिचालन र राज्यको संयन्त्र सेना , प्रहरी लगायतको दुरुपयोग गरी निर्वाचन परिणाम निकालिएको भन्ने विषयमा राख्नु भएको धारणा सच्याउने निर्णय गर्नु गल्ती भएको छ। साम्राज्यवादी शक्ति कलको रिदम मार्फत युवाहरूलाई गलत ढंगले परिचालन र राज्यको संयन्त्र सेना प्रहरी लगायतको दुरूपयोग गरी निर्वाचन परिचालित गरिएको भन्ने विषय ।

## लागुऔषध नियन्त्रणमा टिकटक प्रतियोगिता


विराटनगर । बढ्दो लागुऔषध दुर्व्यसन नियन्त्रण र युवा पुस्तामा सचेतना फैलाउन जिल्ला प्रहरी कार्यालय मोरङले टिकटकलाई अभियानको माध्यम बनाउने भएको छ ।

'लागुऔषध विरूद्धको महाअभियान २०८३' अन्तर्गत प्रहरीले टिकटक भिडियो प्रतियोगिता आयोजना गर्ने घोषणा गरेको हो ।

मोरङका प्रहरी उपरीक्षक (एसपी) कवित कटवालले आइतबार अभियानको उद्‌घाटन गर्दै सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई मध्यनजर गर्दै युवाहरूलाई रचनात्मक ढङ्गले लागुऔषध विरूद्धको अभियानमा जोड्न प्रतियोगिता आयोजना गरिएको बताए । 'वर्तमान समयमा युवा पुस्तामा सामाजिक सञ्जाल, विशेष गरी टिकटकको आकर्षण निकै छ,' एसपी कटवालले भने, 'त्यसैले उनीहरूलाई नै समेटेर लागुऔषध विरूद्धको सन्देश फैलाउन यो प्लेटफर्म प्रभावकारी हुने हाम्रो विश्वास छ ।'

प्रतियोगितामा सहभागी हुन चाहनेले 'बढ्दो लागुऔषध विरूद्ध एकजुट हौँ' भन्ने मूल सन्देशमा आधारित रहेर जनचेतनामूलक भिडियो तयार गर्नुपर्नेछ । जेठ १० गतेदेखि सुरू भएको यो प्रतियोगितामा इच्छुक सहभागीले जेठ मसान्तसम्म भिडियो बनाएर प्रतिस्पर्धामा भाग लिन सक्नेछन् ।

प्रतियोगितामा उत्कृष्ट हुने पाँच जनालाई नगद पुरस्कारको व्यवस्था गरिएको छ । प्रहरीका अनुसार प्रथम पुरस्कार ५० हजार रूपैयाँ रहेको छ । दोस्रो पुरस्कार ४० हजार रूपैयाँ र तेस्रो पुरस्कार ३० हजार रूपैयाँ रहेको छ । चौथो पुरस्कार २०





हजार रूपैयाँ र पाँचौँ पुरस्कार १० हजार रूपैयाँ रहेको छ ।

प्रतियोगिता सबैका लागि खुला गरिएको छ । सहभागी हुन इच्छुक व्यक्तिहरूले आफूले तयार पारेको भिडियो जिल्ला प्रहरी कार्यालय मोरङको आधिकारिक सम्पर्क माध्यम वा प्रहरीले तोकेको डिजिटल प्लेटफर्ममा पठाउनुपर्नेछ ।

## सहकार्य गर्ने बेलायती मन्त्रीको प्रतिवद्धता

दमक/ नेपालको तीन दिने भ्रमणमा रहेकी संयुक्त अधिराज्यका 'इण्डो प्यासिफिक' र समानतासम्बन्धी मन्त्री सीमा मल्होत्राले नेपालको शैक्षिक गुणस्तर र प्राविधिक शिक्षाको विस्तारमा आफूहरूले सहकार्य गर्ने बताएकी छन् ।

'नेपाल-ब्रिटेन चेम्बर अफ कमर्श एण्ड इण्डूस्ट्रिज'द्वारा आईतबार आयोजित 'नेपालका लागि बेलायतको शैक्षिक साझेदारीको दायरा' विषयक उच्चस्तरीय छलफलमा उनले दुई देशबीचको आपसी सम्बन्धलाई अझ गाढा बनाउन सहकार्यको प्राथमिकतामा शिक्षा रहने भएकाले आफूहरूले मानवीय पुँजीका लागि लगानी गर्ने जानकारी दिइन् । शिक्षामा पहुँच विस्तार र रोजगारीलाई महत्व दिँदै अर्थतन्त्रसँग शिक्षाको अन्तरसम्बन्धलाई जोड्नुपर्ने उनको भनाइ थियो ।

अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ



यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१९५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



# लागु औषधविरुद्धको महाअभियान सुरु



विराटनगर । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले लागुऔषध नियन्त्रणका लागि समाजको अहम भूमिका हुने बताएका छन्। विराटनगरमा आइतबार आयोजित लागु औषध विरूद्धको महाअभियानको प्रभातफेरिमा प्रहरी महानिरीक्षक कार्कीले विराटनगर लागु औषधविरूद्ध जुर्मुराएर अघि बढ्नेमा विश्वस्त भएको बताएका थिए। लागु औषधले परिवारलाई क्षयिकरण गर्ने बताउँदै महानिरीक्षक कार्कीले यसको रोकथाम र नियन्त्रणमा समाजका हरेक ब्यक्ति तह र तप्का एक हुनुको विकल्प नभएको उल्लेख गरे।

विराटनगरले लागु औषधलाई नियन्त्रणमा अझ विशेष भूमिका खेल्ने बताएका महानिरीक्षक कार्कीले केही चुनौति अझपनि रहेको बताए। उनले भने, 'विराटनगरमा दक्षिणतर्फबाट भित्रिने विभिन्न लागुऔषधका क्याप्सुल, प्रतिवन्धित लागु औषध, उत्तरतर्फ धनकुटा, भोजपुरबाट भित्रिने गाँजालाई नियन्त्रण गर्न चुनौती छ । यसलाई निरूत्साहित बनाउन समाजका सबै ब्यक्तिको अहम भूमिका रहेको हुन्छ। यस विषयमा केही जानकारी भए प्रहरीलाई अवगत गराइदिनुपर्ने सबैको दायित्व हुन्छ।'

कार्यक्रममा मोरङ क्षेत्र नम्बर ५ की सांसद आशा झाले लागु औषध पछिल्लोसमय विराटनगरमा चुनौति बन्दै गएको बताएकी थिइन्। औषधि ब्यवसायीहरूलाई समेत सजग भएर काम गर्नका लागि उनले आग्रह गरेकी थिइन्।

जिल्ला प्रहरी कार्यालय मोरङद्धारा आयोजित कार्यक्रममा मोरङका प्रहरी उपरिक्षक कवित कट्वालले महाअभियान सुरूवाती एक महिना सञ्चालन हुने जानकारी दिए। उनले लागु औषधविरूद्धको प्रहरी गतिविधिलाई मोरङमा थप शसक्त र कडाईका लागि अघि बढाइने जानकारी दिए ।

प्रभातफेरीमा प्रहरी महानिरीक्षक कार्की, सांसद झासंगै मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल, कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेलगायतको उपस्थिति रहेको थियो। त्यसैगरी, प्रभातफेरीमा विराटनगर, कटहरी गाउँपालिका, जहदा गाउँपालिका लगायतका पालिकाबाट विद्यालय, कलेज, संघ संस्था, वित्तिय क्षेत्र, धार्मिक प्रतिष्ठान, यातायात ब्यवसायी, लगायतको उल्लेख्य उपस्थिति थियो ।

## जानकारी

# वर्षायाममा ध्यान दिनु पर्ने कुरा



वर्षायाम धेरैका लागि रमाईलो पनि लाग्न सक्छ । तर यो मौषम रमाईलो मात्रै हुँदैन, उतिनै जोखिमयुक्त पनि हुन्छ । यसका साथै धेरै रोगहरूको जोखिम पनि बढ्छ। यस्तो अवस्थामा, यदि तपाईलाई वर्षाको समयमा घरबाट बाहिर निस्कनु पर्यो भने, केही महत्त्वपूर्ण कुराहरूको ख्याल राख्नु धेरै महत्वपूर्ण हुन्छ :

**छाता बोक्न नभुल्नुहोला**

वर्षाको समयमा जुनसुकै बेला पनि पानी पर्न सक्छ । त्यसैले बाहिर निस्कँदा छाता साथमा लिएर जानुपर्छ। यसले गर्दा अचानक पानी पर्दा भिज्नबाट बच्न सकिन्छ। तपाईलाई कुनै पनि रोग लाग्ने छैन। तपाईंले आफ्नो साथमा रेनकोट पनि राख्नु पर्छ ।

**सही लुगा र जुत्ता**

सुती कपडा लगाउनुको सट्टा, तपाई नायलन, पोलिस्टर वा अन्य धेरै सिथेन्टिक कपडाहरूबाट बनेका लुगा लगाउन सक्नुहुन्छ। यी चाँडै सुक्छन् र धेरै पानी सोस्दैनन्। साथै, हल्का रंगका लुगा लगाउने प्रयास गर्नुहोस् ।

लुगा जत्तिकै जुत्ताको पनि ख्याल राख्नु महत्त्वपूर्ण छ। वास्तवमा, छाला वा कपडाको जुत्ता वर्षामा बिग्रन्छ। तपाई चिप्लिने जोखिम पनि हुन्छ । यस्तो अवस्थामा, तपाईंले वाटरप्रुफ जुत्ता लगाउनु महत्वपूर्ण छ । यी पानीमा नबिग्रने र चिप्लिने समस्या पनि हुँदैन।

**बाहिरका खानेकुरा नखाने**

वर्षायाममा धेरै प्रकारका रोगहरूको जोखिम बढ्छ। त्यसकारण हामीले खाने कुरामा विशेष ध्यान दिनु आवश्यक छ ।यस्तो अवस्थामा, जब तपाई बाहिर जानुहुन्छ, बाहिरको कुनै पनि चीज खान वा पिउनबाट बच्नु पर्छ । मनसुनको समयमा खुला ठाउँमा राखिएको खाना खाँदा धेरै रोगहरूलाई निम्तो दिइरहेका हुन्छौं।

**वाटरप्रुफ पाउच ब्यवस्था**

पानीमा भिज्नबाट आफूलाई जोगाउनु जति महत्त्वपूर्ण छ, इलेक्ट्रोनिक ग्याजेटहरूको ख्याल राख्नु पनि त्यति नै महत्त्वपूर्ण छ । यस्तो अवस्थामा, बाहिर निस्कनु अघि आफ्नो साथमा वाटरप्रुफ पाउच राख्नु महत्वपूर्ण छ ।

यसबाट, तपाईंले आफ्नो इलेक्ट्रोनिक सामानहरु जस्तै मोबाइल फोन, हेडफोन आदिलाई पानी पर्दा भिज्नबाट बचाउन सक्नुहुनेछ ।

**केही औषधि र सेनिटाइजर**

वर्षाको समयमा धेरै मौसमी रोगहरूको जोखिम बढ्छ। यस्तो अवस्थामा, आफूलाई सुरक्षित राख्नको लागि, तपाईंले आफ्नो साथमा केही एन्टी(एलर्जी औषधि राख्नु पर्छ । साथै सेनिटाइजर पनि राख्नुहोस्। ताकि तपाई आफ्नो हात बारम्बार सफा गर्न सक्नुहुनेछ ।

## मौसमी हास्य-व्यंग्ये

# भूइँमान्छे तर्छाएर खाने ऐंसेलु झाँगेको भालुभुत्ते कला !

✍ - ...व्यंग्यनारान पाडें

अस्तिको आइतवार पनि पाँडेकहाँ आएर मोबाइबाट कोनि कसलाई हो लम्बेतान उपदेश छाँटेर गएको ऐंसेलु झाँगे आज फेरि उसै गरेर बिनाबिच्चमा पाँडेलाई बोर गर्न आइपुग्यो ।!हन ऊ समय मिलाएर आउँछ कि र ऊ ठिक्क पाँडेको आँगनमा आइपुगेकै बेला उसको मोबाइलमा घण्टी बज्ने गर्छ कि ! यो पाँडेले बुझ्न पाएको छैन् । आज पनि उसले पाँडेको आँगन ठ्याक्क टेक्तैगर्दा उसको मोबाइलमा घण्टी बज्यो र पाँडे बसिरहेको बरण्डामा आएर कुर्सीमा बसेपछि मात्र दिग्दार मानेको अभिनय गर्दै च्वाक्क मुख बजाएर खल्तीबाट मोबाइल निकाल्यो । र, ठालू पल्टिँदै भन्यो -"हन यो मोबिलले एʻछिन फुर्सुत देओस् त थुक्क ! आफू जिम्मावारी पदमा बसेको सर्खारी ब्याक्ति परियो, सर्खारकै फुन आको पनि हुनसक्छ । सारोगारो पर्दा मैलाई सोदपुछ कम्फम् गर्ने हो उँधेरले !... लु हेर्नू न घण्टी बज्याबज्यै छ , एʻछिन् उठाउँ हइ ?" र, लगत्तै मोबाइल कानमा ल्याप्प टाँस्तै बोल्न थाल्यो -" हलो !... हलो !... काँड , को बोलेको ?...ए, कम्रेट कान्छा साउ ? मोबलको घण्टी आउँदा म बाटामै थें । बाल्यान साहाजिउको फुन हो कि हिंज्अस्ति पर्दान न्याइढिसमा भर्ति हुनु भका डाग्डर साहेपलाई पो कुनै मुद्दाको फास्ला लेख्न असज्जिलो भʻछ र मसित सज्जेक्सिन माङ्न फुन गरिसेछ कि भन्ने डाउटिङ लागेकाले यॉँ साथीको बरण्डाको कुर्सीमा सैलो गरि बसेसि मात्तै उठाको नि ! भरे भन्दा कम्रेट साउजिउको पो रʻछ । किन फुन गरेको हो कोनि ?...ए...हो, तपइँको घर जाने-आउने बाटो म वान्टी फाएब-वान्टी सिस माने पून्-सोल बर्खको हुँदादेखुन् आज म फाएब्टी टु-थिरि माने बाहुन्न-त्रिपन्न बर्खको हुँदा समेत तेस्ताको तेस्तै खाल्डाङ-खुल्डुङ देख्तैछु अनि झार-जङ्गल उस्तै । के गर्ने, कुनै नेताको घर भʻको टोला अथबा नेताका नातागोताका घरहेरु भʻका टोलाँ घर बनाउने पैलीबड बुद्दि पुगाउनु भएन ! ऐले पछुताʻर के हुन्छ र ? .... के भन्नू भो ?.... ए...कतै हामेरको पालिकामा

मैले भन्सुन गरे काम लाग्छ कि भनेर ?... लाग्छ नि लाग्न त, मेरो बोलि काँ सितिमिति खेर जान्छ र ? तर, पालिकाका पर्मुख र उपलाई न्वारान-पुरान, ब्या-बटुलो र पर्मुख अथिति-बिसिस्ठ अथितिनी गर्नैबाट ह्वाँहर्लाई फुर्सुतै नाइँ ! भेटाघाटा नै मुस्किल छ ! ओडा अदच्छे खाइलाग्दा छन् नि हामेरका - ह्वाँलाई पनि फुटगोल र किर्केटका हन्जासित नारिन र उ...पारकको फूलबारी सिँगार्नबड पाँच मिलिट फुर्सुत भʻको देखिँदैन बिचारा ! न घरमा भेटिन्छ न त ओडा आपिसमै । दौड्यादौड्यै हुनुहुन्छन् अरे भन्ने सुन्छु । आट-दस मैनामा कता-कता झुलुक्क देखिन्छन् भेटाघाटा गर्ने तिर्खा मेट्न मात्तै! तेस्ता भेटाघाटामा कुरो राखो भने पनि 'आर्को बज्जेटमा राख्ने ओजना छ हइ' भनेर फुत्त चिप्लिसिन्छ । मैले धेरै रइतीका एस्ता पोरब्लेम् उनेरकाँ पुगाइसकेका ट्याम-ट्यामका अनुभौ भन्या क्या । के गर्णे, यो गन्तन्त्रको लोʻतन्त्रका हकवालाहेरूसँगको कन्टेक नै अक्काशको तारो ब्राबर भइसको यार साउजिउ ! कुरो गर्णे र बाटो-पानी-पैनीका कुरो राख्ने त चानसै पो पाइन्न यार !...हँ ? के भनेको ? ...ए...म ऐलेकालमा भेरी बिज्जीमा छु । बरु तपइँ ती क्या त ओलने माइलो र ट्वाँके मैदालीसित सन्पर्क गरे ठ्याक्क काम हुन्छ। तो माइलो...हँ ?... को माइलो ? हन ती क्या त पिर्थिभि नगरतिराड गाई-गोरू इण्डेतिर निकासी उद्दोग गर्ने, हो उइ माइलो भन्या । र, अन्तखेरि ट्वाँके मैदाली त तपइँकै टोल-छमेकी हो । ती दोडाको किस्न सिटउलासित अति राम्रो सन्बन्दको टक्कर छ । तिन्को सोस-फोस लाʻर यॉँको पाल्काका पर्मुखलाई भनाउन लाउनु कि अन्तखेरि तपइँको बाटो भोलि-पर्सिबडै बन्न थालिहाल्छ । लु मैले निसुक्ल नै एति हरिराम्रो सल्ला दिएँ ।...हँ ?... ए तो त भइहाल्छ नि ! तो मोरो बेहारी लङ्गट कैलु जादौको लुकुवा भट्टी दुकानमा भरे बेल्का हामी दोडा, रामदुलारी र मुसीकी मम्मीको रिजाप नि ! लु जा त ! खबर गर्छु हए उँधेरलाई पनि तपइँका तरफबड ? ती दोडी दगुर्दै आइहाल्‌ नि !... अँ, ऐले म अलिक बिज्जीमा छु र मोबिल इस्टप गरें हइ त । ल त ऐलेलाई ।"....

त्यसपछि लगत्तै ऊ उठ्यो र भन्यो -"इ आज्ज पनि तपइँसँग बात मार्ने फुर्सत कहाँ र ? जन्ताका हज्जारउँ समस्से छन् र पाटीले तोकेको मेरो छेत्रको एरिआभरि मैले नै हेर्नुपर्छ । हुन त अलिअलि मुसीकी मम्मीले पनि सघाउँछे, आठापाँजो रामदुलीले पनि हेल्प गर्छे । जिम्मावारी स्यानो छैन । उसबेला बा मउसुप पाओरमा हुँदा जइसो इन्कमको उठ्ती पनि छैन र भा पनि काम त चल्दैछ एताउताबड । खाइएकै छ - लाइएकै छ । 'माथि'-को विश्वास भउन्जेल चलिराखेकै छ ।...लु मसँग अब तपइँसित एस्ता सस्ता फोकटिआ गफमा बढी अल्मलिने ट्याम छैन । र, म हिंडे पनि ।"

पाँडेले त्यसलाई साफ झपार्ने सोचेको थियो तर त्यो लम्फ्याङ-लम्फ्याङ हिडी नै हाल्यो । कठालो समाएर एकछिन् छ्याँस्ने पनि सोचेको थियो पाँडेले । तर, त्यसलाई पछ्याउँदै गएर अँठ्याउँदा त्यसले स्वर उरालेर उल्टै बेइज्जत गर्छ भन्ने अनुभव थियो पाँडेसित । र, त्यो गइरहेतिर हेरेर पाँडेले खिस्स हाँस्तै आफैलाई भन्यो -" देखिस् त पाँडे । अहिले कस्ता-कस्ता पनि बिचौलिया र सल्लाहकार बनेर समाजमा कस्तो चलखेल गरिरहेका रहेछन् । त्यसै यो बिचरो देश केजाति-उजाति भएको हो र भन्या ?"....

## मनोरञ्जन

# बेहुलीको छायाङ्कन पूरा



फिल्म 'बेहुली' को छायांकन सकिएको छ । दुई वटा गीतको छायांकन बाँकी गर्दै निर्माण युनिटले ४५ दिनमा फिल्म प्याकअप गरेको हो ।

फिल्ममा पारस बम ठकुरी (कुलब्वाय) र दिव्या रायमाझी तथा सुशान्त कार्कीको मुख्य भूमिका छ । 'द डिभाइन म्युजिक' र 'सम्मान इन्टरटेन्मेन्ट' को प्रस्तुतिमा निर्माण भएको यो फिल्म आगामी जनै पूर्णिमाको अवसर पारेर भदौ १२ गतेबाट आउँदैछ ।

सङ्गीतकार अर्जुन पोखरेलको निर्माण रहेको फिल्म सशान कँडेलले निर्देशन गरेका हुन् । फिल्ममा पदम तामाङ, सन्तोष बानिया, सरिता गिरी, विशाल पहारी, कर्मा लामा, दीपक गौली , विमल यादव, अविरल श्रेष्ठ, सबिन कट्टेल र समायरा थापामगर लगायतका कलाकारले पनि अभिनय गरेका छन् ।

कार्यकारी निर्माता सुमन थिङ तामाङ र सहनिर्माताहरु दुर्गा खरेल र रमेश सिलवाल रहेको फिल्ममा नरेन्द्र मैनालीको छायांकन (डीओपी), विकास दाहालको सम्पादन र रोशन श्रेष्ठको द्वन्द्व छ । फिल्मलाई काठमाडौं उपत्यकाभित्र काफिया फिल्मस् र उपत्यकाबाहिर श्री व्यंकटेश इन्टरटेन्मेन्टले वितरण गर्नेछन् भने डिजिटल अधिकार ओएसआर डिजिटलले लिएको छ ।

## कान्समा नेपाली फिल्मको प्रशंसा

विश्व प्रतिष्ठित फिल्म महोत्सव कान्समा नेपाली फिल्म 'एलिफेन्ट्स इन द फग'ले 'जुरी प्राइज' जितेको छ । फ्रान्समा भएको ७९औं कान्स फिल्म फेस्टिभलमा यो फिल्मले दोस्रो महत्त्वपूर्ण विधा 'अन सर्टेन रिगार्ड'तर्फ क्लोजिङ सेरोमनीमा यो अवार्ड जितेको हो । अविनाशविक्रम शाह निर्देशित चलचित्र 'एलिफेन्ट्स इन द फग' नेपालको एक गाउँमा बसोबास गर्ने लैंगिक अल्पसंख्यक समुदायले गरेको संघर्षको कथामा आधारित छरू। फिल्ममा पुष्पा थिङ, दीपिका यादव, जस्मिन विश्वकर्मा, शान्ति गिरी, गौरी मल्ल, माओत्से गुरूङ, सञ्जय गुप्ता दुरा, महिमा नवबाग र आकांक्षा कार्कीलगायतको अभिनय छ ।

# जन्मदिनमा व्यवसायिक राहतकोषमा सहयोग

बिर्तामोड । झापाको बिर्तामोड उद्योग वाणिज्य संघद्वारा स्थापना गरिएको "व्यवसायी सदस्य राहत कोष" मा युवा व्यवसायी निर्मल भट्टराईले आफ्नो जन्मदिनको अवसरमा २१ हजार रूपैयाँ सहयोग गरेका छन् । उनले संघका अध्यक्ष राजु न्यौपानेलाई रकम हस्तान्तरण गर्दै सामाजिक उत्तरदायित्वअन्तर्गत व्यवसायीहरूको हितका लागि सहयोग गर्न पाउँदा खुशी लागेको बताएका छन् ।

नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश सदस्य समेत रहेका भट्टराईले यसअघि पनि जन्मदिनकै अवसरमा ५१ हजार रूपैयाँ सहयोग गरेका थिए । संघका अनुसार उनले निरन्तर सहयोगमार्फत अन्य व्यवसायीलाई पनि सामाजिक कार्यमा प्रेरित गरिरहेका छन् ।

व्यवसायीहरूलाई आपत(विपत्मा राहत उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको उक्त कोषको लक्ष्य एक करोड रूपैयाँ पुऱ्याउने रहेको छ । हालसम्म करिब ३० लाख रूपैयाँ संकलन भइसकेको संघले जनाएको छ । कोषमार्फत दुर्घटना, स्वास्थ्य समस्या, प्राकृतिक विपत्ति लगायतका कठिन अवस्थामा व्यवसायी सदस्यलाई राहत दिने योजना रहेको छ ।

संघका अनुसार विभिन्न उद्योगी, व्यवसायी तथा शुभेच्छुकहरूले जन्मदिन, विवाह उत्सव र पितृस्मृति जस्ता अवसरमा कोषमा आर्थिक सहयोग गर्दै आएका छन् । कार्यक्रममा बिर्तामोडका उद्योगी व्यवसायीहरूको सहभागितासहित भट्टराईको जन्मदिन संघको कार्यालयमा मनाइएको थियो ।

# सुकुम्बासी हटाए पछि थापाथलीको चमक



सरकारले काठमाडौंको थापाथलीस्थित सुकुम्बासी बस्ती हटाइएपछि बागमती नदी किनार क्षेत्र अहिले खुला र फराकिलो देखिन थालेको छ । वर्षौंदेखि अव्यवस्थित रूपमा बसोबास गर्दै आएका टहरा तथा अस्थायी संरचना हटाइएपछि उक्त क्षेत्रको स्वरूपमा परिवर्तन देखिएको हो ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
जेठ १२ गते
मंगलबार
26 May 2026
तिथि: दशमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | विद्यामा सफल सन्तानबाट सहयोग । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | माताबाट सहयोग कृषि कार्यमा केही समस्या । |
| मिथुन | का कि कु घ ङ छ के को हा | हिम्मतले काम बन्ने भाईबैनीबाट सहयोग । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | बोलीले काम बन्ने शिक्षामा रुची । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | हड्डी वा आँखामा समस्या सामान्य धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक भ्रमण खर्च बढ्ने । |
| तुला | हि हु हे हो डा डि डु डे डो | धन, अन्न लाभ कुटुम्बसँग केही विवाद । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पिताबाट सुख व्यापारबाट सामानय लाभ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आफन्तबाट सहयोग धर्ममा रुची बढ्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | शत्रु परास्त मावलीबाट सहयोग । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यापारबाट लाभ जीवनसाथीबाट सहयोग । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | शत्रु परास्त मावलीबाट सहयोग । |

# साठी जिल्लाका घरघरमै राहदानी र लाइसेन्स

दमक । सरकारले सार्वजनिक सेवा प्रवाहलाई डिजिटल, व्यवस्थित र नागरिकमैत्री बनाउने उद्देश्यसहित सरकारी कुरियर सेवाको विस्तारलाई तीव्र बनाएको छ। राहदानी, सवारी चालक अनुमति पत्र (लाइसेन्स), शैक्षिक प्रमाणपत्रलगायतका सरकारी कागजात घरमै पुर्‍याउने व्यवस्था विस्तार गर्दै सरकारले परम्परागत सेवा प्रणालीलाई प्रविधिमैत्री बनाउने प्रयास अघि बढाएको हो । हुलाक सेवा विभागका अनुसार हालसम्म सेवा ६० जिल्लामा विस्तार भइसकेको छ। विभागले सरकारी सेवामा नागरिकको प्रत्यक्ष पहुँच बढाउने तथा कार्यालय धाउनुपर्ने झन्झट कम गर्ने लक्ष्यका साथ सेवा प्रणालीलाई क्रमशः डिजिटल माध्यमसँग जोड्दै लगेको जनाएको छ ।

विभागकी महानिर्देशक मनमाया भट्टराई पड्नेनीले सरकारी सेवा वितरण प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउन स्थानीय तहसम्म संयन्त्र परिचालन गरिएको बताइन् । उनका अनुसार सीमित स्रोत–साधनका बाबजुद सेवा विस्तारलाई देशभर क्रमशः विस्तार गरिँदैछ ।

विभागका अनुसार हालसम्म २९ हजार ७५८ वटा राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ । तीमध्ये एक हजार ७६३ वटा राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण गरिएको छ । जिल्ला प्रशासन कार्यालयमै आवेदन दिने क्रममा सेवाग्राहीको ठेगाना संकलन गर्न थालिएकाले वितरण प्रक्रिया थप व्यवस्थित भएको विभागले जनाएको छ ।

यस्तै, यातायात सेवातर्फ चार लाख ७५ हजार ९०८ वटा सवारी चालक अनुमति पत्र सम्बन्धित यातायात कार्यालयसम्म पुर्‍याइएको छ। तीमध्ये ६७२ वटा लाइसेन्स सेवाग्राहीको घरमै वितरण गरिएको विभागले जानकारी दिएको छ ।

सरकारी सेवा प्रणालीलाई बहुआयामिक बनाउने क्रममा विभागले शिक्षा र स्वास्थ्य क्षेत्रसँग पनि सहकार्य विस्तार गरेको छ । हालसम्म २६० वटा शैक्षिक प्रमाणपत्र वितरण गरिएको छ भने राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा ५३९ वटा प्रयोगशाला नमुना ढुवानी गरिएको छ। सुर्खेत, बाँके र काठमाडौँबाट प्रयोगशाला नमुना ढुवानी सेवा सुरू भइसकेको विभागले जनाएको छ ।

## अन्तर्राष्ट्रिय

### लु चल्दा १६ जनाको मृत्यु

एजेन्सी/ भारतका विभिन्न क्षेत्रमा तातो हावा (लु) चल्दा जनजीवन अस्तव्यस्त भएको छ । द हिन्दूमा प्रकाशित समाचारअनुसार धेरै क्षेत्रमा तापक्रम ४४ डिग्री सेल्सियसभन्दा माथि पुगिसकेको छ ।

तातो हावाको कहरपछि पञ्जाबका अस्पतालहरूले हिट स्ट्रोक व्यवस्थापन युनिट नै सञ्चालन गरेका छन् । तापक्रम वृद्धिले जनावर र पन्छीहरू पनि समस्यामा परेका छन् । शनिबार दिल्लीमा अति गर्मी थियो । तर, आइतबार बिहान आँधी र हल्का वर्षा भएपछि जनताले थोरै राहत महसुस गरेका छन् । त्यस्तै लगातारको लुका कारण सडकका जनावरहरू पनि समस्यामा छन् ।

## खेलकुद

# रोकिए ७ क्रिकेट खेलाडी



दमक/ बेल्जियममा पहिलोपटक आयोजना हुन लागेको फ्रेन्चाइज क्रिकेटमा छनोट भएका ७ नेपाली क्रिकेटरले सो प्रतियोगिता खेल्न नपाउने भएका छन् ।

नेपाली राष्ट्रिय क्रिकेट टीमको सेड्यूलसँग जुधेपछि उनीहरूलाई नेपाल क्रिकेट संघ (क्यान)ले अनुमति नदिएको हो । बेल्जियमको इयू टी-२० क्रिकेट लिगमा नेपालका आसिफ शेख, रोहित पौडेल, दीपेन्द्र सिंह ऐरी, अनिलकुमार साह, ललित राजवंशी, सन्दीप लामिछाने, लोकेश बम, डा. ईशान पाण्डे र गुल्शन झा खरिद भएका थिए ।

उनीहरूमध्ये ईशान र गुल्शनलाई मात्रै क्यानले नो अब्जेक्सन लेटर (एनओसी) दिएको छ । क्यानले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै पाण्डे र झाले जेबी ब्रुजबाट प्रतियोगिता खेल्ने जानकारी दिएको थियो । अन्य खेलाडीहरूले भने एनओसी नपाएको क्यानका प्रवक्ता छुम्बी लामाले बताए ।बेल्जियम लिग जुन ६ देखि सुरू हुँदैछ । नेपालले मे ३१ देखि जुन ९ सम्म सिंगापुरमा एसियन गेम्स क्वालिफायर खेल्ने तालिका सार्वजनिक भएको छ । अर्कोतर्फ भारतको उत्तराखण्डमा मे २२ देखि जुन २, २०२६ सम्म सञ्चालन हुने ४२औँ अल इन्डिया गोल्ड कप क्रिकेट प्रतियोगितामा नेपाल ए टीमले सहभागिता जनाउनेछ ।

**मदन...**चेतावनी दिएका छन्। फाउन्डेसनका प्रदेश उपाध्यक्ष विजय राईले नेतृत्व परिवर्तन नगरे आन्दोलन कमजोर हुने टिप्पणी गरेका छन् ।

कार्यशालाले एमालेभित्र 'जनतातर्फ वा मततर्फ' भन्ने बहस तीव्र बनेको निष्कर्ष निकालेको छ । साथै पार्टी पुनर्जागरणका लागि नेतृत्व सीमित कार्यकाल, प्राइमरी निर्वाचन र भ्रष्टाचारमा शून्य सहनशीलता जस्ता सुधार आवश्यक रहेको सुझाव पनि दिइएको छ ।

फाउन्डेसनले अब वैचारिक छलफललाई वडा तहसम्म विस्तार गर्दै संगठनात्मक शक्ति निर्माण गर्ने तयारी गरेको जनाएको छ । कार्यक्रममा एमालेका विभिन्न प्रदेश तथा केन्द्रीय तहका नेताहरूको पनि उपस्थिति थियो ।

**ओली...**गर्न चेतावनी दिएका थिए । सचिव महेश बस्नेतले ओलीको राजीनामा माग्नेहरूलाई "अपराधी"को संज्ञा दिएका थिए। त्यसको प्रतिवाद गर्दै गुरूङले एमाले कुनै व्यक्तिको "प्राइभेट कम्पनी" नभएको टिप्पणी गरेका थिए ।

तर आइतबारको बैठकमा ओलीको स्वर बदलिएको थियो । उनले पार्टीलाई एकताबद्ध बनाएर लैजानुपर्ने, कार्यकर्ताको मनोबल उकास्नुपर्ने र सबै मिलेर अघि बढ्नुपर्ने धारणा राखेका थिए। नेताहरुका अनुसार नेतृत्वमाथि व्यापक असन्तुष्टि देखिएपछि ओली लचिलो बन्न बाध्य भएका हुन् ।

तीन दिनसम्म चलेको सचिवालय बैठकले सरकारको स्वेच्छाचारिताविरूद्ध आवाज उठाउने, पदाधिकारीहरुको वरीयता निर्धारण गर्ने लगायतका निर्णय गरे पनि सबैभन्दा महत्वपूर्ण निर्णय पार्टी पुनर्गठन कार्यदल गठनलाई मानिएको छ । ओली यस्तो कार्यदल गठनको पक्षमा नरहेको बताइए पनि बहुमत नेताहरूको दबाबपछि कार्यदल बनाइएको हो ।

रामबहादुर थापा संयोजक रहेको कार्यदलमा उपाध्यक्ष विष्णु पौडेल, पृथ्वीसुब्बा गुरूङ, महासचिव शंकर पोखरेललगायत नेता सहभागी छन्। कार्यदलमा अधिकांश सदस्य ओलीको विकल्प खोज्नुपर्ने धारणा राख्ने पक्षका रहेको बताइन्छ। एमालेका एक पदाधिकारीका अनुसार पार्टी पुनर्गठनको एजेन्डा अब औपचारिक रुपमा प्रवेश गरिसकेको छ र सचिवालयका अधिकांश सदस्य ओलीबाट पार्टी अगाडि बढ्न नसक्ने निष्कर्षमा पुगेका छन् ।

यद्यपि सचिव महेश बस्नेतले भने बैठकपछि ओलीकै नेतृत्वमा पार्टीलाई सशक्त बनाउने निर्णय भएको दाबी गरेका छन्। उनले नेतृत्व परिवर्तनको बहसलाई "मिडिया ट्रायल" भन्दै अस्वीकार गरे। तर ओलीको विकल्प खोजिरहेका नेताहरूले भने नेतृत्व यथावत् राख्ने कुनै निर्णय नभएको स्पष्ट पारेका छन् ।

यसैबीच सचिवालय बैठकले पहिलो दिनमै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण गर्ने निर्णय पनि गरेको थियो । यसअघि पार्टीले नै गणतन्त्रको गौरव र संविधानको रक्षक बनेको व्यक्ति सक्रिय राजनीतिमा फर्कन नमिल्ने भन्दै उनको सदस्यता नवीकरण रोकेको थियो। तर यसपटक ओलीले नै प्रस्ताव ल्याएपछि बिना विरोध सदस्यता नवीकरण गरिएको हो ।

एमालेभित्रका केही नेताहरूले ओलीले आˆनो वर्तमान संकट टार्न र भविष्यमा नेतृत्व हस्तान्तरणको सम्भावना खुला राख्न भण्डारीलाई पुनः सक्रिय बनाएको विश्लेषण गरेका छन्। तर पार्टीभित्र नेतृत्व परिवर्तनको बहस तीव्र बनेकाले त्यो रणनीति सफल हुने सम्भावना कमजोर देखिएको नेताहरूको भनाइ छ ।

**ओलीले भियतनामी नेता हो चि मिन्हको गरे सम्झना**

सचिवालय बैठकको समापनमा ओलीले अचानक भियतनाम कम्युनिस्ट पार्टीका सर्वोच्च नेता हो चि मिन्हलाई सम्झिएका छन् । आˆनै निवास गुन्डुमा ६ दिनसम्म चलेको बैठक आइतबार समापन गर्नुअघि उनले भियतनामका कम्युनिस्ट नेता मिन्हको भनाइ उद्धृत गर्दै एकताबद्ध हुन एमाले नेताहरूलाई आह्वान गरेका थिए ।

मिन्हको भनाइ 'एकता एकता, महाएकता'को प्रसङ्ग उठाउँदै ओलीले नेताहरूलाई एकजुट हुन आह्वान गरे । गत फागुन २१ को प्रतिनिधि सभा निर्वाचनमा पार्टीले ठुलो धक्का खाएपछि आन्तरिक र बाह्य रूपमा रक्षात्मक अवस्थामा पुगेका ओलीले मिन्हको भनाइ उद्धृत गर्नु अर्थपूर्ण देखिन्छ ।

**ओलीको खम्बा बने सचिव बस्नेत**

नेकपा एमालेको शुक्रबारदेखि जारी सचिवालय बैठकमा अध्यक्ष केपी शर्मा ओलीको बचाउ गर्दै सचिव महेश बस्नेतले आक्रामक धारणा राखेका छन् । उनले भनेका छन्( अवसरवादी बनेर अध्यक्षलाई आˆनो स्वार्थका लागि दुःख दिने, अतिरिक्त पद र भूमिका खोज्ने राजनीति म गर्दिनँ । अध्यक्षको संरक्षण र सपोर्ट गर्दा परेछ भने बरु राजनीति नै छाडेर बस्न तयार छु । घात गर्न सक्दिनँ ।

**न्यायधीसहरूको....**न्यायाधीशहरूको सम्पत्ति वेबसाइटमा राख्नुपर्ने र न्यायाधीशहरूको सम्पत्ति छानबिन गर्नु पर्नेमा जोड दिएका छन् । "न्यायाधीशका सम्पत्ति गोप्य राखिनेछ भन्ने नियमावलीमा भएकाले पारदर्शिता छैन, अविलम्ब न्यायाधीशको सम्पत्ति वेबसाइटमा रहने व्यवस्था गर्नपर्‍यो । न्यायाधीशको सम्पत्ति छानबिन गर्नुपर्‍यो",सांसद न्यौपानेले भने ।

**सडक....**सालदेखि सञ्चालनमा छ । स्थानीयले सुरूङ बनेपछि भूमिगत पानीको प्राकृतिक बहाव परिवर्तन भएको र सुरूङबाट हुने सम्भावित चुहावटले जमिन कमजोर बनाएको दाबी गरेका छन्। तर यसको वैज्ञानिक पुष्टि भने हालसम्म भएको छैन ।

बढ्दो विवादपछि शनिबार जिल्ला प्रशासन कार्यालय इलामको नेतृत्वमा सडक डिभिजन, सुरक्षा निकाय, सञ्चारकर्मी र पुवाखोला जलविद्युत केन्द्रको संयुक्त टोलीले स्थलगत अनुगमन गरेको थियो। अनुगमनका क्रममा सुरूङभित्र केही स्थानमा सामान्य पानी चुहावट देखिए पनि त्यही नै सडक भासिनुको मुख्य कारण हो भन्ने निष्कर्ष ननिस्किएको जनाइएको छ ।

सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले सुरूङको केही भाग मर्मत आवश्यक देखिएको बताए। यद्यपि सडक भासिनुमा यसको प्रत्यक्ष भूमिका पुष्टि गर्न विस्तृत प्राविधिक अध्ययन आवश्यक रहेको उनले बताए। पुवाखोला जलविद्युत केन्द्रका प्रमुख पिताम्बर भुसालले पनि भूगर्भीय समस्या जटिल भएकाले वैज्ञानिक अध्ययनपछि मात्र निष्कर्ष निकाल्न सकिने स्पष्ट पारे।

प्राविधिकहरुका अनुसार कमजोर भू(बनोट, भूकम्पको असर, भूमिगत पानीको बहावमा परिवर्तन तथा मानव निर्मित संरचनाको संयुक्त प्रभावले समस्या बढेको हुन सक्छ। स्थानीयले भने तत्काल दीर्घकालीन समाधान र जोखिम न्यूनीकरणको माग गरेका छन् ।

**नेतृत्व...** नफुट्ने शेखरको आश्वासन छ ।

कोइरालाले राखेका शर्तहरूमा क्रियाशील सदस्यता अद्यावधिक नगर्नु पर्ने, १४औँ महाधिवेशन पछाडि नवीकरण गरिएका र वितरण गरिएका क्रियाशील सदस्यता कै आधारमा १५औँ महाधिवेशन गर्नुपर्ने, यस्तै, १४औँ महाधिवेशनको केन्द्रीय कार्यसमिति र विशेष महाधिवेशनको केन्द्रीय कार्यसमितिलाई समायोजन गरेर एउटै बनाउनुपर्ने शेखरको शर्त छ । त्यस्तै कार्य सम्पादन समिति सभापतिको बहुमत हुने गरी गठन गर्ने र निर्वाचन समिति, क्रियाशील सदस्यता छानबिन समिति, अनुशासन समिति, विधान समिति र अन्य समिति आपसी सहमतिबाट मात्रै बनाउनुपर्ने सर्त कोइराले अघि सारेका छन् ।

**सदस्यता....**२०८३ जेठ २१ गतेभित्र सम्पन्न गर्न निर्देशन दिएको छ ।

त्यस्तै, १४ औं महाधिवेशनका क्रममा गठन भएको क्रियाशील सदस्यता छानबिन समितिबाट आधिकारिकता प्राप्त सदस्यतालाई पुरानो सदस्यता मानी नवीकरण प्रक्रियामा समावेश गर्न जिल्ला सभापतिहरूलाई परिपत्र गर्ने निर्णय पनि गरिएको छ ।

विभिन्न पार्टीबाट कांग्रेसमा समायोजन भएका व्यक्तिहरूको सदस्यतासम्बन्धी समस्या समाधान गर्न बारा, सिराहा, धनुषा, सप्तरी, सोलुखुम्बु, सर्लाही, सुर्खेत, महोत्तरी, कपिलवस्तु, सुनसरी, रौतहट, पर्सा तथा काठमाडौं जिल्लामा केन्द्रीय प्रतिनिधि खटाइने निर्णय बैठकले गरेको छ ।

त्यसैगरी विदेशस्थित जनसम्पर्क समितिहरूको हकमा पनि क्रियाशील सदस्यता अद्यावधिक, नवीकरण तथा अधिवेशन सम्बन्धी प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ । अधिवेशन सम्पन्न गरिसकेका सात देशका जनसम्पर्क समितिलाई अद्यावधिक प्रक्रियाका लागि अनुमति दिने तथा समस्या नरहेका १५ देशका समितिलाई अधिवेशनको समयतालिका पेश गर्न परिपत्र गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ । बैठकले सदस्यता व्यवस्थापन केन्द्रीय समितिको सचिवमा केन्द्रीय कार्यालयका सह(सचिव प्रेम विश्वकर्मालाई नियुक्त गर्ने निर्णयसमेत गरेको छ । कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालद्वारा जारी विज्ञप्तिमा उक्त जानकारी दिइएको हो ।

**विकास...**ऊर्जा मन्त्रालयको बजेटमा सबैभन्दा ठूलो कटौती गरिएको छ। चालु वर्ष ८३ अर्ब ८ करोड रहेको बजेट आगामी वर्षका लागि ४३ अर्ब ३० करोडमा सीमित गरिएको थियो। पछि अर्थ मन्त्रालयसँगको छलफलपछि सिलिङ केही बढाएर करिब ४८ अर्ब १९ करोड प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयकी सचिव सरिता दवाडीका अनुसार राष्ट्रिय गौरवका आयोजनाका लागि मात्रै करिब १२ अर्ब ८१ करोड छुट्याइएको छ ।

कृषि तथा पशुपन्छी मन्त्रालयको बजेट पनि ५७ अर्ब ४० करोडबाट घटाएर ५१ अर्ब १४ करोडमा झारिएको छ। खानेपानी क्षेत्रको बजेटमा करिब २५ प्रतिशत कटौती गरिएको छ भने शहरी विकास मन्त्रालयको बजेट पनि घटाइएको छ। वन, पर्यटन, उद्योग, शिक्षा, महिला तथा श्रम मन्त्रालयको बजेटसमेत चालु वर्षभन्दा कम हुने भएको छ ।

तर अर्थ मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सञ्चार मन्त्रालय र परराष्ट्र मन्त्रालयको बजेट सिलिङ भने बढाइएको छ। यसले आगामी बजेटमा पुँजीगत खर्चभन्दा साधारण तथा प्रशासनिक खर्चलाई प्राथमिकता दिइएको संकेत गरेको छ। अर्थ सचिव डा. घनश्याम उपाध्यायले स्रोत अभावभन्दा पनि मन्त्रालयहरूको कमजोर खर्च क्षमताका कारण बजेट घटाइएको बताए। उनका अनुसार चालु वर्षमा पुँजीगत बजेट खर्च निकै कमजोर रहेको छ ।

उदाहरणका रूपमा खानेपानी मन्त्रालयले वैशाख मसान्तसम्म २३ प्रतिशत मात्र पुँजीगत खर्च गरेको उनले बताए ।

**दुग्ध....**बढिरहेकाले बाँकी रकम समेत चरणबद्ध रुपमा किसानको खातामा पुग्ने मन्त्री चौधरीले बताईन । उनका अनुसार दुग्ध किसानको श्रम र योगदानको सम्मान गर्दै किसानको हितलाई प्राथमिकतामा राखेर समस्या समाधानका लागि सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको छ ।

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७ बस्ने लक्ष्मी राईको नाममा दर्ता कायम रहेको मधुमल्ला ५/ट कि.नं. २८३४ज.वि. ०-०-१०-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतर तर्फ सँधियार शर्मिला बि.क. उपस्थित नहुनु भएको हुँदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भई जाने व्यहोरा जानकारी गराइन्छ ।

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

**प्रेस विज्ञप्ति**

(मिति २०८३/०२/११)

जिल्ला प्रशासन कार्यालय, झापा बाट विभिन्न मितिमा सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, अभिलेख व्यवस्थापन तथा अतिक्रमण हटाउन लेखी आएका पत्रहरुका सम्बन्धमा मिति २०८३/०१/२५ मा दमक नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय गरेकोमा सो सम्बन्धमा मिति २०८३/०१/३१ मै प्रेस विज्ञप्ति प्रकाशन गरी सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराइएकोमा, हाल केही दिनदेखि सामाजिक सञ्जालहरुमा कपोलकल्पित, भ्रामक र झुठो रुपमा नगरपालिकाले ३५ दिने सूचना निकालेको भनी तथ्यहीन अफवाह फैलाइएको विषयमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

मिति २०८३/०१/२५ को नगर कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनका लागि नगरपालिका अडिग र कटिबद्ध रहेको व्यहोरा जानकारी गराउँदै तथ्यहीन समाचारहरुमा विश्वास नगर्नुहुन नगरबासी सरोकारवाला सबैलाई अनुरोध गर्दछौँ । सामाजिक सञ्जालहरुमा कपोलकल्पित, भ्रामक र झुठो रुपमा तथ्यहीन समाचार प्रचारप्रसार नगर्नु नगराउनुहुन सम्बन्धित पक्षहरुलाई समेत जानकारी गराइन्छ ।

**मिति २०८३/०१/२५ को बैठकबाट भएको निर्णयः**

जिल्ला प्रशासन कार्यालय, झापाबाट विभिन्न मितिमा सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, अभिलेख व्यवस्थापन तथा अतिक्रमण हटाउन लेखि आएका पत्रका सम्बन्धमा विष्तृत छलफल भयो । दमक नगरपालिकामा ठुलो संख्यामा अव्यवस्थित बसोवासी, भुमिहिन दलित , एकल महिलाहरु समेत रहेका हुँदा यसको व्यवस्थापनका लागि स्पष्ट नीति र कानुनी आधार तयार गरी तीनै तहका सरकारको समन्वयमा आवश्यक व्यवस्थापन गर्नु पर्ने देखिएको हुँदा स्पष्ट नीति, कानून, मापदण्ड, कार्ययोजना तथा बजेटको सूनिश्चितता गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।

राम कुमार थापा
नगर प्रमुख

AAMA Dental
We Care For Your Smile
आमा डेन्टल प्रा.लि.
आफनो स्थापनाको
१० औं को
वार्षिकोत्सव
शुभअवसरमा आफ्ना आदरणीय सेवाग्राहीहरुका लागि.....
विशेष अफर
प्रदान गर्दछौं ।
१ निःशुल्क ओपीडी सेवा ।
२ डेन्टल एक्स-रेमा ५०% छुट ।
३ सबै किसिमका दन्त उपचार सेवामा २०% सम्म छुट ।
यो अफर जेठ महिना भरि लागु हुनेछ....
दमक-६, थानारोड (प्रधान कार्यालय) सम्पर्क नम्बर : 023-572643/ 9814912500
दमक-१, रवि स्टेन्ड गेट नजिक (शाखा कार्यालय) सम्पर्क नम्बर : 023-577816

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२. प्रबन्धकः सुवासचन्द्र भट्टराई, मुद्रणः ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादकः खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउटः सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल